आज मिति २०७७ भाद्र २० गते शनिबारका दिन यस सुनिलस्मृति गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा प्यूठान जिल्ला प्यूठान नगरपालिका प्रमुख श्री अर्जुन कुमार कक्षपतीज्यूको प्रमुख आतिथ्यतामा पछिल्लो समय विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) तथा दुइ स्थानीय तह विचको अनुभव साटासाट, साझा मुद्दा लगाएत विविध विषयहरु माथि छलफल गरि तपशिल वमोजिमको निर्णय गरियो ।

<u>उपस्थिती :</u>

| | |
|---|---|
| श्री गुणेन्द्र घर्ती | अध्यक्ष, सुनिलस्मृति गाउँपालिका |
| श्री अर्जुन कुमार कक्षपती | प्रमुख, प्यूठान नगरपालिका प्यूठान |
| श्री बागमति क्षेत्रीनी | उपाध्यक्ष, सुनिलस्मृति गाउँपालिका |
| श्री केशवराज पार्धे | प्र.प्र.अ., सुनिलस्मृति गाउँपालिका |
| श्री लिलासिं के.सी. | वडा अध्यक्ष, प्यूठान नपा ८ प्यूठान |
| श्री केदारमान कक्षपती | अध्यक्ष, प्यूठान उद्योग बाणिज्य संघ |
| श्री प्रभात के.सी. | बरिष्ठ उपाध्यक्ष, प्यूठान नगरपालिका |
| श्री मुकेश थापा | केन्द्रिय सदस्य, राष्ट्रिय युवा संघ |
| श्री नुमाकान्त कालाथोकी | प्रशासन छैठौं सुनिलस्मृति गाउँपालिका |
| श्री मधुसुदन गैरे | लेखा अधिकृत |
| श्री सुवर्णराज श्रेष्ठ | नायव सुव्वा |
| श्री दुर्योधन महरा | सहायक चौथो, सुनिलस्मृति गाउँपालिका |
| श्री भगवती वुढा | प्रमुख, महिला विकास शाखा |
| श्री मन बहादुर घर्ती | कार्यालय सहयोगि |
| श्री मनिष वुढामगर | कार्यालय सहयोगि |

प्रस्ताव तथा निर्णयहरु :-

क) सुनिलस्मृति गाउँपालिका रोल्पा र प्यूठान नगरपालिका प्यूठानका प्रमुखहरु विच आ-आफ्नो पालिकामा हालसम्म भए गरेका कामहरुको अनुभव साटासाट गर्ने काम सम्पन्न भयो । साथै दुवै पालिकाका प्रमुख/अध्यक्ष, जनप्रतिनिधीहरु विच निम्नानुसार साझा कार्यहरु गर्ने निर्णय गरियो ।

निम्न

१) दुवै पालिकाकाले हालसम्म गरेका गतिविधीहरुको अनुभव साटासाट तथा आगामी योजनाहरु अगाडि बढाउनका लागि छलफल सम्पन्न भयो ।

२) विश्वभर फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणका लागि दुवै स्थानीय तहले एक आपसमा सहयोग आदान प्रदान गर्दै अगाडि बढ्ने ।

३) दुवै पालिकालाई प्रत्यक्ष फाइदा पुग्ने विकास आयोजनाहरु आपसि समझदारीमा सुचारु गर्ने गराउने ।

४) दुवै पालिकाका प्रमुख पर्यटकीय स्थलहरु समेटी रुट कायम गर्ने तथा लिस्ने पर्यटकिय क्षेत्रलाई सञ्चालनका लागि कार्य अगाडि बढाउने ।